नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

फागुन/चैत्र २०६८ (March 2012) वर्ष १६/अङ्क १८०

## खीष्टमा सराप-मुक्त एवं आशिष प्राप्त जीवन

– पाष्टर रोबर्ट कार्थक

पुरानो करारअनुसार व्यवस्था पालन गर्नेहरूले परमेश्वरबाट आशिष् पाउँथे, नगर्नेहरूले सराप पाउँथे । सबै मानिसहरू श्रापित नै ठहर्दथे कारण कसैले पनि व्यवस्था पालन गर्न सक्तैनथ्यो । व्यवस्था पालन गर्नेले पूरा पूरा पालन गर्नु पर्दथ्यो । व्यवस्था पूरा पालन गरेर पनि खालि एउटैमा मात्र चुक्यो भने पनि ऊ पूरै व्यवस्था-उलङ्घनको दोषी ठहर्दथ्यो । मोशाले व्यवस्था ६:२५ मा भन्दछ, 'उहाँका आदेशबमोजिम उहाँका दृष्टिअगि परमप्रभु हाम्रा परमेश्वरका यी सबै आज्ञा पालन गर्‍यौं भने त्यही नै हाम्रो धार्मिकता हुनेछ ।' उनीहरूको धार्मिकता उनीहरूको आज्ञापालनमा निर्भर गर्दथ्यो । गलाती ३:१० मा पनि लेखिएको छ, 'व्यवस्थाका कामहरूमाथि भर पर्ने सबै श्रापित छन्, किनकि धर्मशास्त्रमा यसो लेखिएको छ, व्यवस्थाको पुस्तकमा लेखिएका सबै कुरामा नरहने र ती पालन नगर्ने हरेक श्रापित हुन्छ ।' याकूब २:१०-११ ले पनि भन्दछ, 'किनकि जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ । किनकि जसले "व्यभिचार नगर्" भन्नुभयो उहाँले 'हत्या नगर्' पनि भन्नुभयो । तसर्थ यदि तिमी व्यभिचार गर्दैनौ तर हत्या गर्दछौ भने तिमी व्यवस्थाका अपराधी भएका छौ ।' पुरानो करारमा सबै मानिसहरू परमेश्वरको सामु दोषी ठहरिएथे कारण कसैले पनि व्यवस्था पूरा पालन गर्न सकेनन् । पुरानो करारको व्यवस्थामा परमेश्वरका आज्ञाहरू "यो गर, यो नगर्" मात्र थियो । आज्ञा पालन गर्न नसक्ने दोषी ठहराइन्थे, श्रापित हुन्थे, दण्डको योग्य गनिन्थे ।

दोषी ठहरिएका श्रापित पापीहरूको यो दयनीय अवस्था देखेर प्रेम गर्ने परमेश्वरले मानिसहरूसँग एउटा नयाँ करार बाँध्नुभयो । व्यवस्था पालन गर्न नसक्ने भएकोले हामी पनि उहाँको दृष्टिमा श्रापित बनेका थियौं । हामी पनि दण्ड-योग्य भएका थियौं । परमेश्वरले हाम्रा सबै पापको दण्ड खीष्ट येशूलाई भोग्न लाउनुभयो । उहाँलाई हाम्रो निम्ति सराप बनाउनुभयो, श्रापित बनाउनुभयो (गलाती ३:१३, व्यवस्था २१:२३) । उत्पत्ति ३:१८ अनुसार आदमको पापको कारण जमीन श्रापित भयो र काँडा र सिउँडीहरू उमार्न लाग्यो । काँडाको मुकुट लगाएर खीष्ट प्रभुले क्रूसमा सम्पूर्ण आदम जातिको सराप आफैमाथि बोक्नुभयो । येशूले त कहिल्यै पाप गर्नुभएको थिएन, उहाँमा पाप थिएन, उहाँले पापलाई चिन्नुभएको पनि थिएन । उहाँलाई नै परमेश्वरले हाम्रो निम्ति पाप बनाउनुभयो । उहाँ आफैले सराप बनी हामीलाई व्यवस्था-उलङ्घनको सरापको दण्डबाट मोल तिरेर मुक्त गरिदिनुभयो । उहाँले हाम्रो दण्ड भोगिदिनुभयो । हामीले मर्नुपर्ने मृत्यु मरिदिनुभयो, हामीले भोग्नुपर्ने दण्ड भोगिदिनुभयो । हामीले तिर्नुपर्ने ऋण तिरिदिनुभयो । अब हामीले त्यो मृत्यु मर्नु पर्दैन, त्यो दण्ड भोग्न पर्दैन, त्यो ऋण तिर्नुपर्दैन कारण येशू आफैले हाम्रो निम्ति सबै कुरा गरिदिनुभएको छ । रोमी १०:४ ले भन्दछ, 'किनभने विश्वास गर्ने हरेकको निम्ति धार्मिकताको लागि खीष्टनै व्यवस्थाको अन्त्य हुनुहुन्छ ।' पुरानो करारअनुसार मानिसहरू व्यवस्था पालन गरेर आफ्नै धार्मिकता कमाउने कोशिष गर्थे, अब नयाँ करारअनुसार मानिसहरू खीष्ट येशूको क्रूसको महा पवित्र बलिदानमा विश्वास गरेर परमेश्वरको धार्मिकता सित्तैंमा प्राप्त गर्छन् । आफ्नै धार्मिकता कमाउनलाई पुरानो करारका आज्ञाहरू अब हामीले पालन गर्नुपर्ने आवश्यकता छैन । खाली खीष्ट येशूले हाम्रो निम्ति क्रूसमा गरिदिनुभएको कुरामा विश्वास गरे पुग्छ । जो कुरा खीष्ट प्रभुले हाम्रो निम्ति गरिसक्नुभएको छ, त्यो हामीले फेरि दोहोर्‍याएर गर्नुपर्ने आवश्यकता छैन । अब उहाँले हाम्रो निम्ति क्रूसमा गरिदिनुभएको कुरोमा विश्वास मात्र गरे पनि पुग्छ । यूहन्ना ६:२८-२९ मा मानिसहरूले येशू प्रभुलाई सोधेथे, 'परमेश्वरको काम गर्नलाई हामीले के गर्नुपर्छ ? प्रभुले भन्नुभएथ्यो, परमेश्वरको काम यही हो, जसलाई उहाँले पठाउनुभयो, उहाँमाथि विश्वास गर ।' रोमी ८:१-२ मा लेखिएको छ, "यसकारण अब खीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन । पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनको आत्माको व्यवस्थाले खीष्ट येशूमा मुक्त पारेको छ ।" हामी खीष्ट येशूमा भएकाहरू अब दण्ड-मुक्त भएका छौं, सराप-मुक्त भएका छौं । कसैले अब हामीलाई दोषी ठहराउन सक्दैन । रोमी ८:३३-३४ ले भन्दछ, 'परमेश्वरका चुनिएकाहरूका विरूद्धमा कसले अभियोग लाउने ? धर्मी ठहराउनुहुने परमेश्वर नै हुनुहुन्छ । दण्डको आज्ञा दिने को हो ? मर्ने त खीष्ट येशू हुनुहुन्छ, जो मरेकाहरूबाट जीवित पारिनुभयो र परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ ।'

"जुन प्राणीले पाप गर्छ त्यो मर्छ" भन्ने न्याय परायण एकमात्र सत्य परमेश्वरले आफ्नो कुरा बदलेर पाप गर्ने पापी मानिसहरूलाई प्रेम गरी सित्तैंमा मुक्ति दिँदा परमेश्वरको सत्यवादितामा कुनै प्रकारको आँच पर्न जाँदैन र भन्ने प्रश्न उठ्न सक्छ । पाप गर्ने पापीले पापको दण्ड त पाउनैपर्ने हो । दया-माया गरेर उसलाई त्यसै छोडिदिनु कतिसम्म न्यायोचित ठहर्छ ? त्यस अवस्थामा परमेश्वरको विरूद्धमा कसैले दण्डहीनताको दोष लाउन सक्दैन र ?

यदि पापी मानिसहरूलाई माया गरेर, टिठाएर परमेश्वरले तिनीहरूलाई त्यसै क्षमा गरिदिनुभएको भए त्यो कुरा अत्यन्तै अनुचित ठहर्ने थियो तर परमेश्वरले त्यसो गर्नुभएन । उहाँले पापी मानिसहरूको पापको दण्ड उहाँको निर्दोष निष्पाप पुत्रलाई भोग्न लाउनुभयो । येशू प्रभुले त पापै गर्नुभएको थिएन, उहाँमा पाप थिएन, उहाँले पापलाई चिन्नु पनि भएको थिएन। उहाँलाई नै परमेश्वरले हाम्रो पापको सम्पूर्ण दण्ड भोग्न लाउनुभयो । उहाँ निष्पाप हुनुहुन्थ्यो, नत्रता उहाँले आफ्नै पापको दण्ड भोग्न पर्नेथ्यो, अरूहरूको पापको दण्ड भोगिदिन सक्नुहुने थिएन । हाम्रो मुक्तिदाता बन्न सक्नुहुने थिएन । यसर्थ परमेश्वरलाई कसैले दण्डहीनताको दोष लाउन पाउँदैन। उहाँले आफ्नो कुरा बद्लनु भएन। उहाँले दण्ड दिनुभयो। हामीलाई होइन, प्रभु येशूलाई । येशू प्रभुलाई हाम्रो पापको दण्ड भोग्न लाएपछि उहाँले हामीलाई फेरि हाम्रो पापको दण्ड भोग्न लाउनुहुन्न । हाम्रो मुक्ति सित्तैंको मुक्ति हो, तर सस्तो किसिमको होइन । परमेश्वर पिताले आफ्नो एकमात्र प्यारो पुत्रलाई बलिदान दिएर ठूलो मूल्य चुकाउनु पर्‍यो । येशू प्रभुले पनि आफ्ना सर्वस्व नै त्याग्नुभयो । आफ्नो प्राण नै दिनुभयो । सित्तैंमा पाइने मुक्ति सस्तो थिएन । पुरानो करारका सबै सरापहरूले अब हामी विश्वासीहरूलाई दुःख दिन पाउँदैनन् किनकि येशू प्रभुले सराप बनेर हामीलाई व्यवस्थाको सरापबाट मोल तिरेर छुटाउनुभएको छ । गलाती ३:१४ ले भन्दछ, "उहाँले हामीलाई मोल तिरेर छुटाउनुभयो

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | |
|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा |
| **फागुन २७ गते मार्च १०ता.** | पाष्टर रोबर्ट कार्थक पाष्टर अशोक मुखिया | डीकन मान बहादुर मगर | डीकन अर्जुन ढकाल | पाष्टर सामुएल कार्थक | पाष्टर दफ्तन सादा | श्री रूद्र राई |
| **चैत्र ४ गते मार्च १७ ता.** | पाष्टर सामुएल कार्थक | एल्डर सामुएल क्षेत्री | पाष्टर अशोक मुखिया | श्री दानिएल घले | एल्डर श्रीलक्ष्मी सैंजु | श्रीमती सारा खालिङ |
| **चैत्र ११ गते मार्च २४ ता.** | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर जमान तामाङ्ग | एल्डर दिनेश न्यौपाने | पाष्टर रोबर्ट कार्थक | एल्डर रूबेन श्रेष्ठ | श्री दानिएल घले |
| **चैत्र १८ गते मार्च ३१ ता.** | डीकनेस शुईङ्ग कार्थक | श्री रमेश लामा | श्रीमती माला खालिङ | पाष्टर रोल्याण्ड रोंगोंग | श्री प्रेम बहादुर ठकुरी | डीकन गोपाल शर्मा |
| **चैत्र २५ गते अप्रिल ७ ता.** | पाष्टर सामुएल कार्थक पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा – ज्ञानेश्वर चर्च** | | पाष्टर राजेन्द्र रोंगोंग | श्रीमती गंगा श्रेष्ठ | पाष्टर रोल्याण्ड रोंगोंग |

ताकि अब्राहामलाई दिइएको आशिष् ख्रीष्ट येशूद्वारा अन्यजातिहरूमा आओस् र हामी विश्वासद्वारा प्रतिज्ञाका पवित्र आत्मा प्राप्त गर्न सकौं । परमेश्वरले अब्राहामलाई भन्नुभएको थियो, "तँमा नै सबै जातिले आशिष् पाउनेछन् ।" अब्राहामको आशिष् पाउनलाई हामी सबै पहिले अब्राहामको सन्तान हुनु पर्नेथ्यो । गलाती ३:७ मा लेखिएको छ, "यसकारण तिमीहरूले यो जान कि जस-जसले विश्वास गर्छन् तिनीहरू नै अब्राहामका सन्तान हुन् ।" गलाती ३:९ अनुसार विश्वास गर्ने मानिसहरूले विश्वासी अब्राहामसँगै आशिष् पाएका छन् । फेरि गलाती ३:२९ पदले भन्दछ, 'यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ ।' यसरी नै ख्रीष्ट येशूले हाम्रा निम्ति सराप बनेर हामीलाई व्यवस्थाका सरापबाट मोल तिरेर छुटाउनु मात्र भएन तर हामी अन्यजातिहरूलाई विश्वासद्वारा अब्राहामको सन्तान बनाई अब्राहामको आशिष्को भागिदार पनि बनाउनुभएको छ । हामीले विश्वासद्वारा प्रतिज्ञाका पवित्र आत्मा पनि प्राप्त गरेका छौं । अब हामी विश्वासीहरू ख्रीष्टमा सराप-मुक्त भएका छौं साथै आशिष-प्राप्त पनि बनेका छौं । पुरानो करारका सबै सबै सरापहरूले अब हामी ख्रीष्टमा भएकाहरूलाई छुन पनि पाउँदैन साथै हामी ख्रीष्टमा विश्वास गर्ने सबैलाई अब्राहामको आशिष्हरूको भागिदार बन्ने सौभाग्य प्राप्त भएको छ । त्यति मात्र होइन, हामीले प्रतिज्ञा गरिएको पवित्र आत्माको छाप, पवित्र आत्माको बप्तिस्मा, पवित्र आत्माको अभिषेक र पवित्र आत्माको भरपूरी पनि पाएका छौं । परमप्रभु परमेश्वरलाई धन्यवाद ! धन्यवाद !! धन्यवाद !!!

## जानकारी



घट्टेकुलो बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्या **श्रीमती विष्णुमाया धमला** ७२ वर्षको उमेरमा माघ २५ गते/फरवरी ८ ता.बुधबार प्रभुमा सुत्नुभयो ।



तिलगंगा बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्या **सुश्री शान्ति देउला** ६६ वर्षको उमेरमा फागुन ४ गते/फरवरी १६ ता. बिहीबारका दिन प्रभुमा सुत्नुभयो ।

### शुभकामना

**संसारका सारा मानव जातिको उद्धारको निम्ति क्रूसमा मर्नुभएको ख्रीष्ट येशू प्रभुको पुनरूत्थान** (EASTER) **को सुखद अवसरमा सम्पूर्ण मण्डली परिवारमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समयः विहान | स्थान | समयः विहान | स्थान |
|---|---|---|---|---|---|
| आराधना सेवा | शनिबार | ७:३०, ९:३० र ११:३० बजे | ज्ञानेश्वर | १०:३० बजे | सिर्जनानगर, नगरकोट |
| | | ९:०० बजे र ११:३० बजे | ललितपुर | | पनौती, गुरुजुधारा |
| | | ८:०० बजे र ११:०० बजे | गोंगबूँ | | रानीपौवा, साहुगाउँ |
| | | १०:३० बजे | जोरपाटी | | जहरसिंह पौवा, गाम्छा र सुन्दरीजल |
| आत्मिकी तथा चंगाई सेवा | महिनामा एक पटक | | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबू, नगरकोट, सिर्जनानगर भक्तपुर, गाम्छा, सुन्दरीजल | | |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हाप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | | | |

| | | | |
|---|---|---|---|
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, मीनभवन, कपन |
| | आइतबार | बेलुकी ६:०० बजे | लिपिकोट |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, गोंगबूँ, पनौती सिर्जनानगर |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी मनहरा पुल (पेप्सीकोला) |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैसेपाटी |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, ताहाचल |
| | शुक्रबार | बिहान ६:०० बज | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, कालीमाटी, कमलाक्षी गाम्छा, सुन्दरीजल र ताहाचल |
| | शुक्रबार | दिउँसो ३:०० बजे | पनौती |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार |

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **मिति** | **जोरपाटी** | **जहरसिंह पौवा** | **गाम्छा** | **सुन्दरीजल** | **गोंगबूँ** | **रानीपौवा** | **साहुगाउँ** |
| **फागुन २७ गते मार्च १०ता.** | पाष्टर एल.पी.न्यौपाने | श्री जमान तामाङ्ग | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | **संयुक्त सेवा** पाष्टर रोबर्ट कार्थक | श्री कुमार सेन्चुरी | एल्डर कर्ण ब. तामाङ्ग |
| **चैत्र ४ गते मार्च १७ ता.** | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा-जोरपाटी चर्च** | | | एल्डर कर्ण ब. तामाङ्ग | डीकनेस् अमृता कार्थक | श्री धन बहादुर तामाङ्ग |
| **चैत्र ११ गते मार्च २४ ता.** | पाष्टर महेश थाँजु | श्री अनुप लामा | एल्डर गोपी राई | श्री अमृत लामा | श्री जय सिंह | श्री सुरेश पाण्डे | श्री धन बहादुर तामाङ्ग |
| **चैत्र १८ गते मार्च ३१ ता.** | एल्डर पासाङ्ग डेविड शेर्पा | श्री दिल बहादुर मोक्तान | एल्डर दानिएल सापकोटा | एल्डर गोपी राई | एल्डर छोदेन कार्थक | श्रीमती मीरा गुरूङ्ग | डीकन बेन्जामिन तामाङ्ग |
| **चैत्र २५ गते अप्रिल ७ ता.** | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर जमान तामाङ्ग | श्री लाक्पा लामा | एल्डर पासाङ्ग डेविड शेर्पा | पाष्टर एल.पी.न्यौपाने | **संयुक्त सेवा गोंगबूँ चर्च** | श्री धन बहादुर तामाङ्ग |

## नव दम्पत्तिलाई हार्दिक बधाई



माघ २९ गते/फरवरी १२ ता. आइतबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्या सुश्री **सुविना श्रेष्ठ** र नेइम ललितपुर मण्डलीको सदस्य श्री **विजय कुमार रन्जित**को ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **विजय/सुविना रन्जित**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन ३ गते/फरवरी १५ ता. बुधबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्या सुश्री **जेनु पुजारी** र मुक्ति मण्डली दाङ्गको सदस्य श्री **प्रकाश पुन मगर**को ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **प्रकाश/जेनु पुन मगर**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन १४ गते/फरवरी २६ ता. आइतबार नेइम तारनलाङ संगति धादिङ्गको सदस्या सुश्री **तारा बराम** र मक्रानचोली, खीष्टिय मण्डली, मकवानपुरको सदस्य श्री **इश्वर घिमिरे**को तारनलाङ संगतिमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **इश्वर/तारा घिमिरे**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## मार्च महिनाको कार्यक्रम

१. फागुन २४ गते/मार्च ७ ता. बुधबार ६:००-५:०० बजेसम्म **युवा रीट्रिट** आ-आफ्नै मण्डली
२. फागुन २५ गते/मार्च ८ ता. बिहीबार बिहान ९:००-२:०० बजेसम्म **नेइम महिला विभाग तथा समितिका अगुवाहरूको वार्षिक तालिम** गोंगबूँ मण्डली
३. फागुन २८ गते/मार्च ११ ता. आइतबार बिहान ९:००-३:००बजे सम्म **नेइम कार्यकारिणीको बैठक** गोंगबूँ मण्डली
४. चैत्र १ गते/मार्च १४ ता. बुधबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डली
५. चैत्र ९ गते/मार्च २२ ता. बिहीबार बिहान १०:००-२:०० बजेसम्म **नेइम बाल संगतिका शिक्षक/शिक्षिकाहरूको रीट्रिट** जोरपाटी मण्डली
६. चैत्र २४ गते/अप्रिल ६ ता. शुक्रबार बेलुकी ५:३० बजे **गूड फ्राइ डे सेवा** आ-आफ्नै मण्डली
७. चैत्र २६ गते/अप्रिल ८ ता. आइतबार बिहान ६:०० बजे **सूर्योदय सेवा** आ-आफ्नै मण्डली

## जानकारी

१. माघ २८ गते/फरवरी ११ ता. शनिबार झापा नेइम शाखा मण्डली विर्तामोड चर्चमा २ जना पाष्टर र १ जना एल्डरको आदरणीय पाष्टर रोबर्ट कार्थक गुरुबाले अभिषेक गर्नुभयो ।
२. माघ २८ गते/फरवरी ११ ता. शनिबार नेइम ललितपुर मण्डलीमा १ जनाको समर्पण भयो ।

फागुन १९ गते/मार्च २ ता. शुक्रबार नेइम गोंगबूँ मण्डली प्रभुको अनुग्रहमा १० औं वर्ष पूरा गरी ११ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा परमेश्वरलाई धन्यवाद चढाउँदै मण्डली सबैलाई शुभकामना व्यक्त गर्दछौं । मण्डलीको लागि प्रार्थना गरिदिनुहुन अनुरोध गर्दछौं ।

नेइम गोंगब मण्डली

## प्रर्थनाका विरूयहरू

१. प्रधानमन्त्री, मन्त्री मण्डल, विभिन्न प्रशासनिक निकायहरू, सुरक्षा तथा न्यायिक पदाधिकारी, सांसद, सबै राजनैतिक दलका नेताहरू नागरिक समाज तथा मानव अधिकारका अगुवाहरू सबै एकता, मेलमिलाप र समझदारीमा रही देशलाई ठीक प्रकारले डोऱ्याउन सकून् ।
२. चैत्र महिनामा हुन गइरहेको एस.एल.सी. परीक्षा दिने सबै विद्यार्थीहरूको लागि प्रार्थना गरिदिऔं ।
३. शुरू भएको बाल संगति, घरेलु संगति र आत्मिकी सेवा साथै मण्डलीको सबै सेवा संगतिको लागि प्रार्थना गरिदिऔं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार Sunday** | २१<br>वचनको सेवकाइ, स्तुति प्रशंसामा अगुवाइ, सेवा सञ्चालन, अनुगमन लिनुहुने र सुसमाचार सुनाउनुहुनेहरूको लागि प्रार्थना गरौं ।<br>**२ कोरिन्थी २:१४-१७** | २८<br>नेपाल देशमा रहेका सम्पूर्ण साना ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>**भजनसंग्रह १०१:१-७** | ५<br>विभिन्न देशमा रोजगार, अध्ययन र अन्य कामको लागि गएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>**२ कोरिन्थी ५:१४-२१** | १२<br>इस्राएल देशमा रहेका यहूदीहरूले समय छँदै येशू ख्रीष्टलाई प्रभुलाई प्रभु र मुक्तिदाता हुनुहुन्छ भनी आफ्नो हृदयमा बोलाउन सकून् ।<br>**यर्मिया ३१:१२-१४** | १९<br>सबै इसाईहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुँदै जान सकून् ।<br>**कलस्सी २:६-७** |
| **सोमबार Monday** | २२<br>मण्डलीमा भइरहेको प्रार्थना सभाहरू, अरू समय र ठाउँहरूमा पनि प्रार्थना सभाहरू साथै प्रार्थना गर्नेहरू अझ बढेर गएको होस् ।<br>**यशैया ५६:६-८** | २९<br>मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरलाई अझै प्रेम गर्दै र उहाँको अभिप्राय पूरा गर्नेहरू हुँदै जान सकून् ।<br>**भजनसंग्रह १४५:१७-२०** | ६<br>नेपाली इसाई मण्डलीअन्तर्गतका मण्डलीहरू संख्यात्मक वृद्धिको साथै आत्मिकी क्षेत्रमा पनि पाको हुँदै जान सकून् ।<br>**एफिसी ३:१४-२०** | १३<br>अन्धकारको शक्तिको विरूद्धमा खडा भइ विजयी हुन, मण्डलीको जीवनमा स्तुति प्रशंसा, प्रार्थना, वचन पढाइ अझै बढेर गएको होस् ।<br>**एफिसी ६:१०-१८** | २०<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी र गवाही भएर जिउन सकून् ।<br>**तीतस ३:१-३** |
| **मंगलबार Tuesday** | २३<br>मण्डलीका पूर्णकालिन सेवक/सेविकाहरू मण्डलीलाई हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>**१ तिमोथी १:१२** | ३०<br>आत्मिकी सेवामा पवित्र आत्मा परमेश्वरले दिनुभएको स्वतन्त्रता, चंगाई, छुट्कारा, बल, साहस, शान्ति पाएर परमेश्वरलाई अझ प्रेम गर्नेहरू हुन सकौं ।<br>**भजनसंग्रह ३०:११-१२** | ७<br>सेवकाइमा सहायता पुऱ्याइराख्नुभएकाहरूको परिवारले पनि सेवकाइमा साथ दिन सकून् साथै परिवारको सबै आवश्यकताको लागि प्रार्थना गरौं ।<br>**मत्ती ६:३३** | १४<br>मण्डलीका सबै अगुवाहरूले परमेश्वरको बगालको ठीक प्रकारले रेखदेख गर्न, अगुवाइ गर्न, पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>**यूहन्ना २१:१५-१७** | २१<br>मण्डलीका सबै विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष र आत्मिक उन्नतिको कारण हुन सकून् ।<br>**रोमी १४:१९** |
| **बुधबार Wednesday** | २४<br>घरेलु संगतिका क्षेत्रहरू अझै बढेर फैलिएर जान सकून् र अगुवाइ गर्नको लागि बोझ र दर्शन पाएका अगुवाहरू पनि तयार हुन सकून् ।<br>**यशैया ५४:२-३** | **१ चैत्र**<br>आजको उपवास प्रार्थनाद्वारा व्यक्तिगत जीवन, पारिवारिक क्षेत्र, मण्डलीमा जागृति आएकोले समाज र देश निको हुँदै जान सकून् ।<br>**२ इतिहास ७:१४** | ८<br>हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्म प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>**१ पत्रुस ४:१०-११** | १५<br>मण्डलीका सबै विश्वासीहरूले आफ्नो धन सम्पत्तिद्वारा पनि परमेश्वरलाई सधैं आदर, इज्जत दिइरहन सकून् ।<br>**हितोपदेश ३:९-१०** | २२<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, वास्ता गर्नेहरू भई आशिषको कारण बन्न सकौं ।<br>**हिब्रू १३:२०-२१** |
| **बिहीबार Thursday** | २५<br>प्रत्येक परिवारमा प्रभु पाहुना होइन तर सधैं प्रभुलाई आदर दिनेहरू हुन सकौं ।<br>**भजनसंग्रह १२८:१-४** | २<br>मण्डलीका सबै बाल बालिकाहरूले सानै उमेरमा साँचो परमेश्वरको प्रेमलाई थाहा गर्न सकून् ।<br>**भजनसंग्रह ७१:६** | ९<br>सबै जवानहरू सांसारिक चालचलनबाट टाढा रहन पवित्र आत्माले नै सहायता गरून् र सबै अवस्थामा परमेश्वरलाई प्रेम गरिरहनेहरू हुन सकून् ।<br>**१ यूहन्ना २:१३-१४** | १६<br>मण्डलीका सबै दाजुभाइ दिदीबहिनीहरू परमेश्वरलाई प्रेम गर्नेहरू भइ घर परिवार, मण्डली र समाजमा आशिषको कारण बन्न सकून् ।<br>**हितोपदेश १४:२५-२७** | २३<br>क्रूसको मृत्यु र बौरी उठाइको सुसन्देश सारा संसारका मानिसहरूको निम्ति अर्थपूर्ण हुन सकोस् र धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>**हिब्रू ९:२२-२८** |
| **शुक्रबार Friday** | २६ 9<br>प्रत्येक शनिबारको आराधना सेवा साथै अरू सेवा संगतिमा सुनेको वचनहरूमा मण्डली आज्ञाकारी हुँदै जान सकून् ।<br>**लूका ६:४६-४९** | ३ 16<br>मण्डलीलाई प्रशस्त आशिषमा डोऱ्याउनुहुने साथै आशिषको कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् ।<br>**भजनसंग्रह १४७:१-२०** | १० 23<br>प्रत्येक शनिबार मण्डलीमा आउनुभएका नयाँहरूले ख्रीष्ट प्रभुले दिनुहुने क्षमा, मुक्ति र उहाँको सत्यताको सुसमाचार सुनेर ख्रीष्ट येशूलाई प्रभु र मुक्तिदाता भनेर ग्रहण सकून् ।<br>**यूहन्ना ३:१६-१७** | १७ 30<br>मण्डलीलाई अगुवाइ गरिरहनुभएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि अघि बढाउन सकून् ।<br>**भजनसंग्रह ४०:४-८** | २४ 6<br>सबै इसाईहरूले क्रूसको प्रेमको अर्थ बुझेर उहाँप्रति धन्यवादी भई उहाँको निम्ति जिउनेहरू हुन सकून् ।<br>**२ कोरिन्थी ५:१४-१५** |
| **शनिबार Saturday** | २७<br>कारागारमा प्रभु येशूलाई चिनेर विश्वास गर्ने दाजुभाइ तथा दिदीबहिनीहरूको बीचमा हुने सेवकाइद्वारा अझै धेरैले प्रभुलाई चिन्न सकून् ।<br>**मत्ती ११:२८-३०** | ४<br>भारतको मुम्बई, पुना र अन्य ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागि प्रार्थना गरिदिऔं ।<br>**यर्मिया ३१:४, ११-१३** | ११<br>नेइम परिषदका सबै गुरुजनहरूको सेवकाइ, परिवार, काम, व्यवसाय सम्पूर्ण कुराहरूमा परमेश्वरको आशिष मागिदिऔं ।<br>**भजनसंग्रह १६:७-९** | १८<br>अधुरा घरानाका सम्पूर्ण सदस्यहरूले समय छँदै प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>**प्रेरित १६:२७-३३** | २५<br>पुनरुत्थानको सही अर्थ बुझी मण्डली त्यस अनुसार जिउन सकून् ।<br>**कलस्सी ३:१-३** |


प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४२५/४४१३१७२, फ्याक्स नं. ४४१०१८ Email:nim@wlink.com.np, www.nim.com.np, www.nim.org.np